



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १७ गते शनिबार ❑ 3 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरा विश्वविद्यालयको एक अर्ब ७५ करोड ८० लाखको बजेट पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज

पोखरा विश्वविद्यालयको २६औँ साधारणसभाले आर्थिक वर्ष २०८३/८४ का लागि रु एक अर्ब ७५ करोड ८० लाखको बजेट तथा नीति तथा कार्यक्रम सर्वसम्मत पारित गरेको छ ।

विश्वविद्यालयले आगामी वर्ष शैक्षिक गुणस्तर, अनुसन्धान तथा नवप्रवर्तन, डिजिटल रूपान्तरण, पूर्वाधार विकास र रोजगारमुखी शैक्षिक कार्यक्रमलाई प्राथमिकता दिने भएको छ। पोखरा-३०, दुङ्गेपाटनस्थित केन्द्रीय कार्यालयमा शिक्षा तथा खेलकुदमन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा बसेको सभाले उपकुलपति प्रा डा देवेन्द्र अधिकारीद्वारा प्रस्तुत नीति तथा कार्यक्रम र रजिस्ट्रार प्रा डा निर्मला जमरकट्टेलद्वारा प्रस्तुत बजेट स्वीकृत गरेको हो ।

सभाले विश्वविद्यालयको विद्यमान नियमावलीमा आवश्यक संशोधन गर्दै मानविकी तथा सामाजिक शास्त्र सङ्काय लाई पुनर्गठन गरी 'मानविकी, सामाजिकशास्त्र तथा कानुन सङ्काय' स्थापना गर्ने निर्णय गरेको छ । ललितपुरको च्यासलस्थित श्रमिक शान्ति क्याम्पसलाई आङ्गिक क्याम्पसका रूपमा विस्तार गरिएको कार्यलाई अनुमोदन गरिएको छ । बीई मेकानिकल, बिआइसीए, बिबीए फाइनान्सलगायत विभिन्न कार्यक्रमको उपाधि निर्धारण तथा विशेष मौका परीक्षा सञ्चालन गर्नेसमेत सभाले स्वीकृति दिएको छ । सभालाई सम्बोधन गर्दै सहकुलपति पोखरेलले विश्वविद्यालयहरूले आफ्नो विशिष्टताका आधारमा छुट्टै पहिचान निर्माण गर्नुपर्ने बताउनुभयो । उहाँले पोखरा विश्वविद्यालयले गण्डकी प्रदेशको सम्भावनाअनुसार साहसिक पर्यटनलगायत नयाँ क्षेत्रमा शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । परीक्षा र नतिजा समयमै प्रकाशन गर्न, छात्रवृत्ति वितरणमा पारदर्शिता कायम गर्न तथा विद्यार्थीबाट लिइने शुल्कअनुसार प्रयोगशाला, पुस्तकालयलगायत शैक्षिक सुविधा सुनिश्चित गर्न उहाँले विश्वविद्यालय प्रशासनलाई निर्देशन दिनुभयो । नयाँ नीति तथा कार्यक्रममार्फत पोखरा विश्वविद्यालयले डिजिटल सेवा, गुणस्तरीय शिक्षा, अनुसन्धान, नवप्रवर्तन र रोजगारमुखी शिक्षालाई जोड दिँदै विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक प्रणालीलाई थप व्यवस्थित बनाउने लक्ष्य लिएको छ।

## बेगनास फिस फेस्टिभल सफल बनाउन स्थानीय संघसंस्थाको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज



बेगनास ताल किनारमा आयोजना हुन लागेको छैठौं संस्करणको बेगनास फिस फेस्टिभल सफल बनाउन लेखनाथका विभिन्न संघसंस्था तथा स्थानीय अगुवाहरूले साथ, सहयोग र सक्रिय सहभागिताको प्रतिबद्धता जनाएका छन् ।

तयारीका क्रममा आयोजित भेलामा वक्ताहरूले पर्यटन प्रवर्द्धन, सरसफाइ, जनशक्ति परिचालन, झाँकी र्‍याली, मत्स्य प्रवर्द्धन र व्यवस्थापनमा सहकार्य गर्ने बताएका हुन् । होटल एण्ड रेष्टुरेन्ट एशोसिएसन लेखनाथको आयोजनामा आगामी कार्तिकको १३ देखि २३ गते सम्म बेगनासताल किनारमा छैठौं संस्करणको बेगनास फिस फेस्टिभलको आयोजना हुँदैछ। शुक्रबार आयोजित भेलामा बोल्दै रामटोल नमुना आमा समूहकी अध्यक्ष देवका पौडेलले महोत्सवमा आर्थिक सहयोग गर्न कठिन भए पनि सरसफाइ तथा जनशक्ति परिचालनमा समूहले सहयोग गर्ने बताइन् । बेगनास ताल महिला समूहकी पूर्वअध्यक्ष शान्ति खनालले पर्यटनको ठूलो सम्भावना बोकेको बेगनासलाई प्रवर्द्धन गर्न सबै संघसंस्थाले महोत्सवलाई आफ्नै कार्यक्रम ठानेर अपनत्व लिनुपर्नेमा जोड दिइन् ।

बेगनास ताल महिला समूहकी सल्लाहकार सीता कार्कीले आयोजकले दिएको जिम्मेवारी पूरा गर्न आफूहरू तयार रहेको बताइन् भने नमुना टोल विकास संस्थाकी अध्यक्ष लक्ष्मी कोइरालाले स्वयंसेवक र सरसफाइका लागि महिला जनशक्ति परिचालन गर्न सकिने बताइन् । बेगनास ताल टोल विकास संस्थाका अध्यक्ष भानुभक्त पौडेलले स्थानीयस्तरमा हुने कार्यक्रम सफल बनाउन संस्थाले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए। स्थानीय भुवन कँडेलले महोत्सव कुनै एउटा संस्था वा व्यवसायीको मात्र नभई सबै स्थानीयको साझा कार्यक्रम बन्नुपर्ने बताए।

जलेश्वर शिव मन्दिरका निवर्तमान अध्यक्ष कृष्ण ढुंगानाले सकारात्मक सन्देश, पर्याप्त जनशक्ति, मितव्ययिता र आर्थिक स्रोत व्यवस्थापनमा ध्यान दिन सुझाव दिए । बेगनास ताल भजन मण्डलीका उपाध्यक्ष हिरामणि दाहालले आवश्यक पर्दा आफ्नो समूह सहयोगका लागि तयार रहेको बताए । पोखरा-३० का सामाजिक व्यक्तित्व भुवन श्रेष्ठले प्रचारप्रसार र सरसफाइ प्रभावकारी बनाउँदै माछाका विभिन्न प्रजाति तथा एक्वारियम फिससमेत प्रदर्शन गर्न सके महोत्सव आकर्षक हुने बताए।

मिलनसार तमु समाजका अध्यक्ष ईश्वर गुरुङले मत्स्य अनुसन्धान केन्द्रसँग समन्वय गरी उपलब्ध माछाका विभिन्न प्रजाति प्रदर्शन गर्न सुझाव दिँदै झाँकी र्‍यालीलगायत जिम्मेवारी लिन तयार रहेको बताए। बेगनास मत्स्य क्षेत्रका राजेन्द्र जलारीले होटल तथा रेस्टुरेन्टमा स्थानीय माछा उपलब्ध गराउन सहयोग गर्ने प्रतिबद्धता जनाए। ज्येष्ठ नागरिक सेवा केन्द्रका पदम आचार्यले स्पष्ट जिम्मेवारी दिइए संस्थाले सहयोग गर्ने बताए भने डुङ्गा व्यवसायी समितिका अध्यक्ष नवराज बास्तोलाले समितिमा छलफल गरी संस्थागत र व्यक्तिगत रूपमा सहयोग गर्ने बताए। धार्मिक पर्यटन तथा विकास संस्था बेगनासका मित्रलाल भण्डारीले आर्थिक क्षमता सीमित भए पनि पर्यटन प्रवर्द्धनका काममा सक्रिय सहयोग रहने बताए। कुर्लुङखोला तथा सरसफाइ आयोजनाका अध्यक्ष दयासागर अधिकारीले आयोजकले संस्थाको क्षमता हेरेर जिम्मेवारी तोक्दा प्रभावकारी हुने सुझाव दिए। दिपाङ ताल पूर्वाधार एवं संरक्षण समितिका अध्यक्ष हेमराज आचार्यले बेगनास, दिपाङ र आसपासका क्षेत्रलाई जोडेर पर्यटन विकास गर्नुपर्ने बताउँदै आर्थिक सहयोग सीमित भए पनि जनशक्ति र संस्थागत सहयोग उपलब्ध गराउने बताए।

रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्था लिमिटेडका अध्यक्ष राम थापाले विगतका कार्यक्रमका कमजोरी समीक्षा गरी व्यवस्थापन सुधार्नुपर्ने भन्दै रुपातालका तर्फबाट आवश्यक सहयोग रहने बताए। जलेश्वर शिव मन्दिरका अध्यक्ष तथा बेगनास बाराही आरती समितिका अध्यक्ष राममणि अधिकारीले आर्थिक सहयोगबाहेक समन्वय, स्रोतसाधन र कार्यक्रमस्थल उपलब्ध गराउन तयार रहेको बताए । उनले छलफललाई आलोचनाभन्दा महोत्सव सफल बनाउन आफ्नो भूमिका के हुन सक्छ भन्ने विषयमा केन्द्रित गर्न सुझाव दिए । देउराली मन्दिर व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष पुरुषोत्तम अधिकारीले जनप्रतिनिधिसहित थप स्थानीय संघसंस्थालाई समेट्नुपर्ने र महोत्सवलाई मुख्य राजमार्गदेखि बेगनास तालसम्मका गतिविधिसँग जोडेर बृहत् बनाउनुपर्ने बताए।

बेगनास युवा क्लबका सचिव विज्ञान कोइरालाले महोत्सवका लागि सचिवालय उपलब्ध गराउने बताए। एशोसियसनका पूर्व अध्यक्ष तथा छैठौं फिस फेस्टिभलका निर्देशक दुर्गा प्रसाद अधिकारीले भेलामा उठेका प्रश्नहरुको सहजीकरण गरेका थिए । भेलाका वक्ताहरूले फेस्टिभललाई बेगनास क्षेत्रको मात्र नभई समग्र लेखनाथको पर्यटन प्रवर्द्धनसँग जोडिएको साझा कार्यक्रमका रूपमा अघि बढाउँदै आ-आफ्नो क्षमता अनुसार सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । एशोसियसनका अध्यक्ष शुरेस लामिछानेको अध्यक्षतामा सम्पन्न कार्यक्राममने सञ्चालन महासचिव शक्ति श्री कोइरालाले गरेकी थिइन।


### चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कांग्रेस १५औँ महाधिवेशन: असोज १८ देखि हुने महाधिवेशनको तयारी तीव्र

**रासस**
काठमाडौं, १६ असोज

नेपाली कांग्रेसको आगामी असोज १८ देखि काठमाडौँमा हुन लागेको १५औँ राष्ट्रिय महाधिवेशनको तयारी तीव्र पारिएको छ।

कांग्रेस काठमाडौँ जिल्ला सभापति सबुजकृष्ण बानियाँको संयोजकत्वमा रहेको महाधिवेशन समारोहस्थल व्यवस्थापन समितिले काठमाडौँको खुलामञ्चमा मञ्च व्यवस्थापनको कामलाई तीव्रता दिएको हो । कांग्रेस काठमाडौँ क्षेत्र नं ६ का सभापति ख्यामराज तिवारीले महाधिवेशन उद्घाटनस्थल र बन्दसत्र गर्न मञ्च व्यवस्थापनको कामलाई तीव्रता दिइएको जानकारी दिनुभयो । "उद्घाटन सत्रका लागि मञ्च र बन्दसत्रका लागि छुट्टाछुट्टै तीनवटा हल निर्माण भइरहेको छ, भोलि बेलुकासम्म मञ्च व्यवस्थापनको काम सम्पन्न हुन्छ", क्षेत्रीय सभापति तिवारीले भन्नुभयो । मञ्च व्यवस्थापनको पछिल्लो अवस्थाबारे बुझ्न पार्टी उपसभापति विश्वप्रकाश शर्मा, कोषाध्यक्ष उमेश श्रेष्ठ, प्रवक्ता देवराज चालिसे, नेता डा चन्द्रकान्त भण्डारी, पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलाललगायत खुलामञ्च पुग्नुभएको छ । खुलामञ्चमा सञ्चारकर्मीसँग कुरा गर्दै पार्टी उपसभापति शर्माले पार्टीको १५औँ महाधिवेशन असोज १८ गते दिउँसो २:०० बजे खुलामञ्चमा भव्यताका साथ उद्घाटन हुने जानकारी दिनुभयो । उहाँले महाधिवेशन उद्घाटन कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रमुख र सोसलिष्ट इन्टरनेशनलका प्रतिनिधिलाई आमन्त्रण गरिएको जानकारी दिनुभयो । कांग्रेसको १५औँ महाधिवेशनमा देश र विदेशबाट सात हजारभन्दा बढी महाधिवेशन प्रतिनिधिको सहभागिता रहने उहाँको भनाइ थियो । उद्घाटनसत्रको भोलिपल्ट असोज १९ देखि बन्दसत्र हुनेछ । बन्दसत्रका लागि महाधिवेशन प्रतिनिधि बस्नका लागि दुई हजार ५०० प्रतिनिधि अट्न मिल्नेगरी छुट्टाछुट्टै तीनवटा हलको व्यवस्था गरिएको छ । प्रतिनिधिको दर्ता भने पार्टी केन्द्रीय कार्यालय सानेपामा आजदेखि नै सुरु भएको छ । बन्दसत्रको पहिलो दिन पार्टी सभापति गगनकुमार थापाले दस्तावेज प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । यस्तै, उपसभापति, महामन्त्री र कोषाध्यक्षले समेत नीतिगत, साङ्गठनिक र आर्थिक प्रतिवेदन पेस गर्नेछन् ।

महाधिवेशन प्रतिनिधिहरूलाई खानाका लागि भृकुटीमण्डपमा व्यवस्थापन मिलाइएको उपसभापति शर्माले बताउनुभयो। खुलामञ्चभित्र सरसफाइ कायम राख्दै खाना/खाजा पूर्ण रूपमा निषेध गरिएको छ । यस्तै, प्रतिनिधिका लागि न्यूनतम शुल्कमा आवासको प्रबन्ध मिलाइएको कांग्रेसले जनाएको छ । त्यसैगरी, खुलामञ्चको मञ्च नजिकै सञ्चारकर्मीका लागि मिडिया सेन्टरको व्यवस्था गरिएको उपसभापति शर्माले बताउनुभयो । महाधिवेशन अवधिभर दिनको दुईपटक पार्टी प्रवक्ता देवराज चालिसेले दैनिक ब्रिफिङ गर्ने कांग्रेसले जनाएको छ। बन्दसत्रमा पनि पालैपालो मिडिया प्रवेशको व्यवस्था मिलाइने शर्माले बताउनुभयो।

## कांग्रेस कास्की क्षेत्र नम्बर १ को सभापतिमा सरोज केसी निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज

नेपाली कांग्रेसका युवा नेता सरोज केसी कास्की क्षेत्र नम्बर १ को क्षेत्रीय सभापतिमा निर्वाचित हुनुभएको छ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत भएको निर्वाचनमा केसीले आफ्ना निकटतम प्रतिस्पर्धी ओमप्रकाश गुरुङलाई ६१ मतान्तरले पराजित गर्दै क्षेत्रीय सभापतिको जिम्मेवारी हात पार्नुभएको हो । कुल ९ सय ७० मत खसेको निर्वाचनमा केसीले ४ सय ७२ मत प्राप्त गर्नुभयो। उहाँका निकटतम प्रतिस्पर्धी गुरुङले ४ सय ११ मत प्राप्त गर्दा सभापतिका अर्की उम्मेदवार अप्सरा श्रेष्ठले ७० मत प्राप्त गर्नुभएको छ। दुई दिनअघि भएको मतदानको मतगणना बिहीबार राति करिब १:३० बजे सम्पन्न भएको थियो। नेपाली कांग्रेसमा लामो समयदेखि सक्रिय केसी यसअघि प्रदेशसभा सभापतिको जिम्मेवारीमा रहनुभएको थियो ।


बाँकी अन्तिम पृष्ठमा ▶▶




# कृत्रिम बुद्धिमत्ता (एआई) का अवसर र चुनौतीका विषयमा जनप्रियमा वक्तृत्वकला

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

प्रविधिको द्रुत विकाससँगै मानव जीवनमा अभिन्न अङ्ग बन्दै गएको कृत्रिम बुद्धिमत्ता (AI) का अवसर र चुनौतीका विषयमा पोखरास्थित जनप्रिय बहुमुखी क्याम्पसका अतिरिक्त क्रियाकलाप समितिको आयोजनामा आज असोज १६ गते, शुक्रबार क्याम्पस सभाहलमा आयोजित वक्तृत्वकला प्रतियोगितामा विद्यार्थीहरूले यस विषयमा आफ्ना सान्दर्भिक तर्कहरू प्रस्तुत गरे । 'कृत्रिम बुद्धिमत्ता (AI): अवसर र चुनौती' विषयमा बोल्दै वक्ताहरूले एआईलाई आधुनिक युगको सबैभन्दा ठूलो सम्भावना र उति नै ठूलो जोखिमका रूपमा चित्रण गरे। सहभागी विद्यार्थीहरूले एआईको प्रयोगले शिक्षण अध्ययन अध्यापन, सिकाइ, स्वास्थ्य, शिक्षा, कृषि र हाम्रो दैनिक जीवनमा ल्याएको क्रान्ति तथा यसले कामलाई छिटो, सहज र सरल बनाएको कुरामा जोड दिएका थिए।

तर, सँगसँगै उनीहरूले यसको बढ्दो र अनियन्त्रित प्रयोगले निम्त्याउन सक्ने बेरोजगारी, तथ्याङ्क चोरी (डेटा प्राइभेसी) को जोखिम, र मानवीय सिर्जनशीलतामा आउन सक्ने ह्रासप्रति गम्भीर चिन्ता व्यक्त गरे। 'एआई मानिसको सहयोगी उपकरण मात्र हुनुपर्छ, मानव मस्तिष्कको पूर्ण विकल्प होइन,' भन्ने कुरामा प्रायः सबै वक्ताहरूको एकमत रहेको थियो।

यसका साथै कार्यक्रममा कृत्रिम बुद्धिमत्ता (एआई): अवसर र चुनौती' विषय कारण, प्रभाव र समाधान' विषयमा पनि विद्यार्थीहरूले भनाइमा जोड दिँदै आफ्ना धारणा राखेका थिए।

अतिरिक्त क्रियाकलाप संयोजक चेत बहादुर पोखरेलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा क्याम्पस प्रमुख कृष्ण बाबु बराल र सहायक क्याम्पस प्रमुख नविन राज खनालको उपस्थिती थियो उहाँहरूले विद्यार्थीहरूलाई समयसापेक्ष प्रविधिको सही सदुपयोग गर्न र रचनात्मक कार्यमा लाग्न प्रेरित गर्नुभएको थियो । कार्यक्रमको प्रारम्भमा दिननाथ लामिछानेले उपस्थित सम्पूर्ण अतिथि, निर्णायक तथा विद्यार्थीहरूलाई स्वागत गर्दै मन्तव्य राखेका थिए । सो प्रतियोगितामा सन्तोष कँडेल प्रथम अमृत काफ्ले द्वितीय , यज्ञ प्रसाद शर्मा तृतीय भएका छन् र हिमा पंगेनीले प्रतियोगितामा सान्त्वना स्थान हासिल गरिन्। साथै उक्त कार्यक्रममा अन्य विद्यार्थीहरूको पनि महत्वपूर्ण प्रस्तुति रहेको थियो।

विद्यार्थी हित शाखा प्रमुख तथा मानविकी विभागका विभागी प्रमुख प्रमुख वेदहरि तिमिल्सिना, टंक बराल र डा. विष्णु प्रसाद शर्माले कार्यक्रमको महत्व र वर्तमान अवस्थामा यसको उपयोगिता सम्भावना र चुनौतीका बारेमा शुभकामना गर्नुभएको थियो। कार्यक्रम सञ्चालन शिक्षा विभागका विभागीय प्रमुख रमेश थापाले सञ्चालन गरेको कार्यक्रममा विद्यार्थीहरूको उत्साहजनक उपस्थिति रहेको थियो।

# भुटानको राष्ट्रिय क्रिकेट टोली चारवटै अभ्यास खेलमा पराजित

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

नेपालमा क्रिकेट खेल्न आएको भुटानको राष्ट्रिय क्रिकेट टोली पोखरामा खेलिएका चारवटै अभ्यास खेलमा पराजित भएको छ।

पोखरा रङ्गशालामा आज सम्पन्न टी-२० पुरुष क्रिकेटको अन्तिम अभ्यास खेलमा नेपाल क्रिकेट सङ्घ (क्यान)-११ सँग भुटानी टोली १०४ रनको फराकिलो अन्तरले पराजित भएको हो । यससँगै भुटानले नेपाल भ्रमणअन्तर्गत खेलेका चारवटै अभ्यास खेलमा पराजय व्यहोरेको छ। घरेलु टोली गण्डकी र क्यान-११ सँगका दुई-दुईवटा खेलमा भुटान पराजित भएको हो।

अन्तिम खेलमा जितका लागि १७७ रनको लक्ष्य पछ्याएको भुटानको टोली १७ ओभरको तेस्रो बलमा ७२ रनमै अलआउट भयो। भुटानका लागि सोनाम चोपेल र आनन्द मोंगरले समान १५ रन बनाए भने नामगे थिन्लेले १३ रन तथा तासी फुन्सोले १५ रन जोडे। अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । क्यान-११ का बलर विपीन शर्माले घातक बलिङ गर्दै चार ओभरमा १९ रन खर्चेर पाँच विकेट लिए। आकाश चन्दले दुई विकेट लिए भने राशिद खान, प्रकाश जैसी र विपीन खत्रीले समान एक-एक विकेट लिए। यसअघि टस हारेर पहिले ब्याटिङ गरेको क्यान-११ ले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७६ रन बनाएको थियो। त्रितराज दासले सर्वाधिक ५१ रन बनाए। उनले ३१ बलमा चार चौका र तीन छक्का प्रहार गरे । कप्तान विपीन खत्री ३८ रनमा अविजित रहे । मयंक यादवले १५ बलमा २६, राशिद खानले १३ बलमा २४ तथा सिब्रिन श्रेष्ठले १३ बलमा १९ रन बनाए। प्रतियोगितामा विजेता बन्न सफल क्यान-११ र गण्डकी प्रदेशको टोलीलाई सामाजिक विकास तथा खेलकुदमन्त्री रेखा गुरुङले च्याम्पियन ट्रफी प्रदान गर्नुभयो । आइसिसी पुरुष टी-२० विश्वकप एसिया सब-रिजनल क्वालिफायर 'ए'को तयारीका लागि भुटानको टोली पोखरा आएको हो। मलेसियामा शनिबारदेखि सुरु हुने आइसिसी 'मेन्स टी-२०' विश्वकप एसिया सबरिजनल क्वालिफायर 'ए' प्रतियोगिता सुरु हुँदैछ । सोही प्रतियोगितामा सहभागी भुटानले अभ्यास र तयारीका लागि पोखराको मैदानलाई रोजेको गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो।

# तनहुँ-१ को विकास प्राथमिकताबारे अर्थमन्त्री वाग्लेसँग छलफल

रासस
दमौली, १६ असोज

तनहुँ निर्वाचन क्षेत्र नं १ का स्थानीय विकास, सडक तथा पूर्वाधार निर्माणलगायत विकासका विषयमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग शुक्रबार छलफल गरिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का जिल्लास्तरीय नेताहरूले अर्थमन्त्री वाग्लेसँग भेटघाट गरी विकास निर्माणका विषयमा छलफल गरेका हुन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तनहुँका सचिव अनिल श्रेष्ठले अर्थमन्त्री वाग्लेसँगको भेटमा तनहुँ-१ अन्तर्गतका विभिन्न स्थानीय तहमा आवश्यक देखिएका विकास निर्माणका विषयलाई प्राथमिकताका साथ उठाइएको जानकारी दिनुभयो।

विशेषगरी सडक तथा यातायात पूर्वाधारको अवस्था, स्थानीयस्तरमा आवश्यक विकास आयोजना, पूर्वाधार निर्माण तथा क्षेत्रको समग्र विकासका लागि आवश्यक बजेट र योजनाका विषयमा छलफल भएको श्रेष्ठले बताउनुभयो।

क्षेत्रको आवश्यकता र प्राथमिकताका आधारमा योजना छनोट गरी प्रभावकारी रूपमा कार्यान्वयनमा लैजानुपर्ने विषयमा छलफल भएको उहाँको भनाइ छ । स्थानीयस्तरबाट उठेका विकासका आवश्यकता सम्बन्धित निकायसम्म पुऱ्याउँदै दीर्घकालीन रूपमा प्रभाव पार्ने योजनालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको श्रेष्ठले उल्लेख गर्नुभयो।

श्रेष्ठले भन्नुभयो, "तनहुँ-१ को समग्र विकासका लागि आवश्यक सडक, पूर्वाधार तथा स्थानीय विकासका विषयमा अर्थमन्त्रीज्यूसँग गम्भीर र सकारात्मक छलफल भएको छ । क्षेत्रका वास्तविक आवश्यकता र प्राथमिकताका आधारमा विकास योजनालाई प्रभावकारी रूपमा अघि बढाउने विषयमा कुराकानी भएको छ।"

# पोखरामा झिलिङ्गाको झिलिमिली, चाडपर्वसँगै बढ्यो व्यापार

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज



चाडपर्व नजिकिँदै गर्दा पोखरा महानगरपालिका-३२, ढोडबैँसीका घरआँगन, बारी र सडकपेटीमा सुकाइएका झिलिङ्गाले स्थानीय क्षेत्रमा छुट्टै रौनक थपेका छन्।

परम्परागत स्वाद र संस्कृतिसँग जोडिएको झिलिङ्गा उत्पादनले स्थानीय महिलालाई घरमै बसेर आयआर्जन गर्ने अवसरसमेत प्रदान गरेको छ । ढोडबैँसीकी गङ्गाकुमारी श्रेष्ठ विगत १५ वर्षदेखि झिलिङ्गा उत्पादन तथा बिक्रीवितरण गर्दै आएकी छन्। उनले घरमै उद्योग सञ्चालन गरी पोखरा, बुटवल, नारायणगढ, मुग्लिन, दाङलगायतका विभिन्न बजारमा झिलिङ्गा बिक्री गर्दै आएकी हुन् । स्थानीय तहमा व्यवसाय दर्ता गरेर सञ्चालन गरेको आफ्नो उद्योगबाट घरखर्च चलाउन र जीविकोपार्जन गर्न सहज भएको श्रेष्ठ बताउँछिन्। थोरै लगानीमा घरमै बसेर उत्पादनमूलक व्यवसाय सञ्चालन गर्न सकिने भएकाले यसले परिवारको आर्थिक अवस्थामा समेत सहयोग पुऱ्याएको उनको भनाइ छ।

चामलका पिठोबाट तयार गरिने झिलिङ्गा, खिउनीलगायतका परम्परागत परिकार नेपाली मौलिक खानपान र विशेषगरी नेवारी समुदायको सांस्कृतिक पहिचानसँग जोडिएका छन्। चाडपर्वका बेला खाजा, कोसेली तथा उपहारका रूपमा प्रयोग हुने यस्ता परिकारले पुस्तौंदेखि चल्दै आएको परम्परालाई निरन्तरता दिँदै आएका छन् । चाडपर्वको समयमा झिलिङ्गाको माग बढ्ने भएकाले उत्पादन र बिक्रीवितरणमा समेत चहलपहल बढ्ने गरेको छ। परम्परागत सीप, स्थानीय उत्पादन र मौलिक स्वादलाई व्यावसायिक रूपमा अघि बढाउन सके यसले रोजगारी सिर्जना गर्नुका साथै स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन सक्ने देखिन्छ । प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले भरिएको पोखरामा झिलिङ्गा सुकाइएका आँगन र बारीले चाडपर्वको रौनक थपेका छन् । स्थानीय उत्पादनलाई ब्रान्डिङ गरी स्वदेश तथा विदेशका बजारसम्म पुऱ्याउन सके झिलिङ्गा उत्पादन व्यवसाय आयआर्जनको थप सम्भावनायुक्त क्षेत्र बन्न सक्ने श्रेष्ठको विश्वास छ।

# गोनेसा नेपालको २४ औं साधारण सभा तथा सामाजिक परिक्षण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज



मानवताको लागि मिलेर सेवा गरौं भन्ने मुलनाराका साथ स्थापित बालबालिकाको क्षेत्रमा कृयाशिल सामाजिक संस्था असल छिमेकी सहयोग संघ (गोनेसा) नेपाल पोखराको औं साधारण सभा तथा सामाजिक परिक्षण कार्यक्रम २०८३ असोज १६ गते पोखरा सम्पन्न भएको छ।

प्रमुख अतिथि जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले सामाजिक संघ संस्थाहरू राष्ट्को समृद्धिका सहयात्री रहेको बताउनु भयो। प्रमुख पौडेलले गैसरकारी संस्थाहरूले नेपालको विकासको निम्ति खेलेको भूमिका अतुलनीय रहेको र गैसहरू पारदिशता, जवाफदेहीतामा अब्बल हुन आग्रह गर्नु भयो। वरिष्ठ अधिकारकर्मी एवं गोनेसाका अध्यक्ष रामप्रसाद सुवेदीले संस्थाद्वारा दिगो विकास लक्ष्यको तीन र चार अनुरुप परियोजनाहरू कार्यान्वयन गर्दै आएको बताउनु भयो।

२०५६ साल देखि अनौपचारिक (सुकुम्बासी बस्ती) मा बसोबास गर्ने बालबालिकाको न्यूनतम आवश्यकता शिक्षा, स्वास्थ्य, पोषण, जिविकोपार्जन, जलवायु परिवर्तन, सरसफाइ र आर्थिकसामाजिक रुपान्तरणलाई निरन्तर सहयोग गर्दै आएको छ। चोरसाँघुमा नयाँ बालविकास भवन तथा नयाँबजार शान्तिवनमा अर्को नयाँ भवन निर्माण सम्पन्न गरिएको छ, यसैगरि रातोपैरामा रहेको बालविकास भवनलाई पोखरा महानगर-१७ को आर्थिक सहयोगमा मर्मत तथा स्तरोन्नति गरिएको छ। उहाँका अनुसार संस्थाले प्रारम्भिक बाल विकास कार्यक्रम अन्तर्गत करिब २ सय ७६ जना साढे दुई वर्ष देखि पाँच बर्ष उमेर समूहका बालबालिकाहरूले बालविकास केन्द्रबाट सेवा लिएको बताउनु भयो। त्यसैगरी, न्यून आय भएका तथा विपन्न परिवारका बालबालिकालाई सामुदायिक विद्यालयमा निरन्तर शिक्षाको अवसर प्रदान गर्ने उद्देश्यले यस आर्थिक बर्षमा ३ सय ७८ जना बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गराई आवश्यक सहयोगबाट विद्यार्थी लाभान्वित भएको बताउनु भयो। जस अनुसार १७३ बालक र २०५ बालिका रहेका छन्। आर्थिक अभावका कारण कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने संस्थाको मूल उद्देश्य रहेको जानकारी दिनु भयो। यस मध्ये ६ सय ४१ जनाले विद्यालय शिक्षा पुरा गरि विभिन्न पेशामा आवद्ध भएको बताउनुभयो। स्वास्थ्य क्लिनिकबाट उपचार गरिएको संख्या १ हजार ३ सय जना, मणिपाल शिक्षण अस्पतालमा पठाएको संख्या १ सय ४३ जना, पोषण पुनस्थापन केन्द्र पठाएको ३ जना, आँखा अस्पतालमा उपचार गराइएको ४ जना र शहिद गंगालाल हृदयरोगमा उपचार १ जनाको वार्षिक स्वास्थ्य परीक्षण गरिएको जानकारी दिनु भयो।

पोखरा महानगर क्षेत्र भित्र स्थानीय समुदायमा आधारित १२ ओटा बाल विकास केन्द्रहरू संचालनमा रहेका छन्। साधारण सभामा महासचिव श्यामनाथ कुवरको प्रगति प्रतिवेदन र आगामी वर्ष संचालित कार्यक्रमहरूको कार्य योजना प्रस्तुत गरिएको थियो भने कोषाध्यक्ष निरमाया गुरुङले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित कार्यक्रमहरूमा बाल विकास कार्यक्रम, विद्यालय भर्ना कार्यक्रम, जलवायु उत्थानशिलता तथा अनुकुलन कार्यक्रम र संस्थागत विकास रहेका छन्। जसका लागि अनुमानित २ करोड २० लाख लागत लाग्ने अनुमान गरिएको छ।

कार्यक्रममा पोखरा महानगरपालिका-७ का अध्यक्ष राममोहन आचार्य, पोखरा महानगरपालिका-१७ का वडा सदस्य बिक्रम गुरुङ, पोखरा मनपा वडा-२५ का सदस्य कृष्णबहादुर कुँवर, रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराका अध्यक्ष बसन्त गौतम, पोखरा महानगरपालिका स्वास्थ महाशाखाका अधिकृत अर्जुनबहादुर क्षेत्री, जानकी माध्यमिक विद्यालय, महतगौडाका प्रधानाध्यापक अर्जुन कँडेल, गैसरकारी संस्था महासंघ नेपाल, कास्कीका उपाध्यक्ष सरोजनारायण बराल, संस्थाका कार्यकारी निर्देशक शिवराज शर्मा, लगायतले शुभकामना एवं बालबालिकाको लागि उदाहरणिय र अभिभावकत्व ग्रहण गरेकोमा आभार व्यक्त गर्नु भएको थियो। साधारणसभामा विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो। जस अनुसार रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराका अध्यक्ष बसन्त गौतम, धनेश्वर रखाल, बिमल बहादुर कुँवर, कृष्णबहादुर कुँवरलाई सम्मानित हुनु भयो भने जानकी माध्यमिक विद्यालय, महतगौडामा कक्षा १० मा अध्ययनरत समीर चौधरीलाई छात्रवृत्ति प्रदान गरिएको छ। असल छिमेकी सहयोग संघ (गोनेसा)काअध्यक्ष रामप्रसाद सुबेदीको अध्यक्षतामा सदस्य केशकुमारी भुजेल स्वागत र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो।

# चाडपर्व लक्षित गरी रुपा गाउँपालिकाको बजार अनुगमन तीव्र

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज



चाडपर्वको समयमा हुन सक्ने कालोबजारी, कृत्रिम अभाव र मूल्यवृद्धि नियन्त्रण गर्दै उपभोक्ताको हकहित संरक्षण गर्ने उद्देश्यले कास्कीको रुपा गाउँपालिकाले बजार अनुगमनलाई तीव्रता दिएको छ।

गाउँपालिका अध्यक्ष नवराज ओझाको संयोजनमा अध्यक्ष ओझा र उपाध्यक्ष लालसुब्बा गुरुङको नेतृत्वमा जनप्रतिनिधि, कर्मचारी, पत्रकार तथा सुरक्षा निकायका प्रतिनिधिसहितको संयुक्त टोलीले गाउँपालिकाका सातवटै वडाका विभिन्न बजार क्षेत्रमा अनुगमन गरेको हो। टोलीले वडा नं. १ देखि ७ सम्मका फेदी, रुपाकोट, पिप्ले, देउराली, हंसपुरलगायतका बजार क्षेत्रमा पुगेर व्यवसायको अवस्था र उपभोक्ताले प्राप्त गर्ने सेवा तथा सुविधाबारे अनुगमन गरेको छ।

गाउँपालिका अध्यक्ष ओझाका अनुसार चाडपर्वको मौका छोपेर व्यापारीले कृत्रिम अभाव सिर्जना गर्ने, अत्यधिक मूल्य लिने तथा कालोबजारी गर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै अनुगमनलाई कडाइ गरिएको हो। अनुगमनका क्रममा व्यवसाय दर्ता तथा नवीकरण, राजस्व र कर भुक्तानी, वस्तुको मूल्य, तौल, गुणस्तर, म्याद गुज्रिएका सामान, सरसफाइ, कानुनी कागजात र उपभोक्ता अधिकारलाई मुख्य प्राथमिकतामा राखिएको गाउँपालिकाले जनाएको छ।

यसैगरी विद्यालय क्षेत्रभित्र धूमपान तथा मदिराजन्य पदार्थको बिक्रीवितरण र प्रयोग भए नभएको विषयमा समेत अनुगमन गरिएको छ। नियमविपरीतका गतिविधि भेटिएमा आवश्यक कारबाही तथा कानुनी परामर्श दिने व्यवस्था मिलाइएको टोलीले जनाएको छ। गाउँपालिकाले उपभोक्ताको अधिकार संरक्षण, स्वच्छ बजार प्रवर्द्धन र व्यवसायलाई मर्यादित बनाउन आगामी दिनमा पनि बजार अनुगमनलाई निरन्तरता दिने जनाएको छ।

## कांग्रेस ...

क्षेत्रीय सभापतिमा निर्वाचित भएसँगै उहाँले अब कास्की क्षेत्र नम्बर १ को क्षेत्रीय संगठनको नेतृत्व सम्हाल्नुहुनेछ। यसैबीच, कास्की क्षेत्र नम्बर १ को 'ख' प्रदेशसभा क्षेत्रीय सभापतिमा अर्जुन गुरुङ निर्वाचित हुनुभएको छ। त्यस्तै, उपसभापतिमा लोकबहादुर गुरुङ निर्वाचित हुनुभएको छ।

उहाँले आफ्ना प्रतिस्पर्धीलाई एक मतको अन्तरले पराजित गर्नुभएको हो। सचिव पदमा किरण अधिकारी २ सय ९६ मत प्राप्त गर्दै निर्वाचित हुनुभएको छ । यसअघि कास्की क्षेत्र नम्बर १ को 'क' प्रदेशसभा क्षेत्रीय सभापतिमा नरेन्द्र थापा निर्विरोध निर्वाचित भइसक्नुभएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कालीगण्डकी बाढीले उजाडियो तिल्केनी

सन्तोष गौतम
म्याग्दी, १६ असोज/रासस

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरका गमबहादुर सेञ्चुरीको घर नजिकै दुई दिनयता कालीगण्डकी बग्न थालेको छ।

आइतबार बिहानदेखि नदीले कटान गर्न थालेपछि उहाँले सामान निकालेर घर अगाडिको सडकमा थुपार्नुभयो । ती सामान लगेर कहाँ बस्ने भन्ने निर्णय लिन उहाँले अझै सक्नुभएको छैन ।

"करेसाबारी सबै कालीगण्डकीले बगायो, घरको आँगनमै नदी बग्न थालेपछि ज्यान जोखिममा पारेर यहाँ बस्ने अवस्था छैन", सोमबार दिउँसो घरका सामान सार्दै गरेका गमबहादुरले भक्कानिँदै मलिन स्वरमा भन्नुभयो, "कालीगण्डकीको बाढी र कटानले हामीलाई सुकुमवासी बनायो। परिवारलाई कहाँ लगेर राख्ने ? टुङ्गो छैन।"

विदेशमा दुःख गरेर जोडेको सडक छेउको एक रोपनीभन्दा बढी जग्गा बगाएको छ। यस्तै, २० वर्षदेखि बस्दै आएको घर छाडेर हिँड्नुपर्दा गमबहादुरको गहभरी आँसु छचल्किएका देखिन्थे । आठ घरपरिवारको बसोबास रहेको तिल्केनीचौर चीन र भारत जोड्ने कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकको व्यापारिक केन्द्रजस्तै थियो ।

तिल्केनीका रेन्टुरेन्टमा लोकल माछा, कुखुरालगायत स्थानीय परिकारसँग खाजा र खानाका लागि बेनी-जोमसोम सडकमा यात्रा गने मात्र नभएर बेनी, बागलुङ, कुश्मा र पोखराबाटसमेत पाहुना आउथे । अब त्यो इतिहास बनेको छ । असोज ८ देखि ११ गतेसम्मको लगातारको झरीपछिको बाढीले



पाहुनालाई स्वादिष्ट स्थानीय परिकारको स्वाद चखाउने तिल्केनीचौरका घर रित्तिएका छन् ।

रेष्टुरेन्ट व्यवसायी गोपाल भण्डारीले पनि जीवनभरको कमाई खर्चेर बनाएको घर छाडेर हिँड्नुपरेकामा दुःख सुनाउनुभयो । कालीगण्डकीको बाढीले धार परिवर्तन गरेर भण्डारीको घरछेउको खेलमैदानको ८० प्रतिशत भाग कटान गरेको छ। नदी त्यही स्थानबाट बग्न थालेको छ।

"पचास मिटर टाढा बगिरहेको कालीगण्डकीले धार परिवर्तन गरेर एक्कासी बस्तीमा आउला भन्ने कल्पना पनि गरेको थिएन", भण्डारीले भन्नुभयो, "हाम्रो घर जग्गा र सम्पत्ति मात्रै नभई यहाँ काम गरेर जीविकोपार्जन गने मजदुर, तरकारी, दूध, फलफूल, कुखुरा बेच्ने किसानलाई पनि पीडा भएको छ।" तिल्केनीचौरको चमेरे होटलका सञ्चालक महेन्द्र गुरुङले करिब दुईदशक व्यवसाय गरेर बसेको ठाउँ छाडेर गलेश्वरमा बस्न थालेको बताउनुभयो । "तिल्केनीचौर बस्तीमा अहिले भएका घर जुनसुकैबेला कालीगण्डकीले बगाउने अवस्था छ", उहाँले भन्नुभयो, "यो बस्तीमा अब रित्ता घर मात्र रहने भए।"

तिल्केनीचौरको नजिकै रहेको घुमाउने तालमा पनि कालीगण्डकीले कटान गरेर जोखिम निम्त्याएको स्थानीय हरि चन्दले बताउनुभयो । बाढी र कटानको डरले रातमा पाखोमा रहेको कुखुराको फार्ममा गएर सुत्ने गरेको उहाँले बताउनुभयो।

घुमाउने तालदेखि पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्क जोड्ने झोलुङ्गे पुल बाढीले बगाएको छ । यो पुल म्याग्दीको अन्नपूर्ण र पर्वतको जलजला गाउँपालिका समेटिएको अन्नपूर्ण-धौलागिरि चक्रीय पदमार्गको प्रवेशबिन्दु थियो।

बाँसखर्कबाट ल्याएको पाइपलाइन पुलसँगै बगेकाले खानेपानीको अभाव भएको चन्दले बताउनुभयो। यहाँ करिब १० घरपरिवारको बसोबास छ । बाँसखर्कतर्फ बाढीले खेतीयोग्य जमिन कटान गरेको छ। राखु र बाँसखर्क क्षेत्रका बासिन्दालाई आवतजावतमा समस्या भएको छ । तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह परिसरमा पनि कालीगण्डकीले कटान गरेको छ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरले निर्माण गरेको ४० मेगावाट क्षमताको राहुघाटले गत हप्तादेखि परीक्षण उत्पादन सुरु गरेको थियो।

विद्युत्गृहदेखि ५० मिटर टाढा रहेको कालीगण्डकीले धार परिवर्तन गरेर स्वीचयार्ड नजिक आएको र विद्युत्गृहबाट पानी बगाउने टेलरेसबाट बग्न थालेको छ । टेलरेस बगाए पनि विद्युत् गृहलाई भने क्षति गरेको छैन।

सोह्र वर्ष लगाएर निर्माण भएको राहुघाटको परीक्षण उत्पादन बन्द भएको छ। आयोजना प्रमुख राजबहादुर विष्टले प्राकृतिक विपद्का कारण केही दिनका लागि परीक्षण उत्पादन बन्द गरिएको बताउनुभयो । विद्युत्गृह र कालीगण्डकीको बीच भागमा रहेको बेनी-जोमसोम सडक बाढीले बगाएको छ । पहिले गाडी हिँड्ने सडकमा अहिले नदी बगेको छ।

विद्युत्गृह परिसरमा रहेको भारतीय ठेकेदार कम्पनी जयप्रकाश एशोसियट्स (जेपी)का उपकरण र सवारीसाधन बाढीले बगाएको छ । करिब २० वटा सवारीसाधन बाढीले बगाएको जेपीका कर्मचारी कुमार यादवले बताउनुभयो । आयोजना निर्माण सकेर जाने समयमा विपद्बाट अर्बौंको क्षति व्यहोर्नुपर्दा दुःख लागेको उहाँले बताउनुभयो।

गायत्रीमन्दिर पारीको राममन्दिर क्षेत्रमा कालीगण्डकीको भँगालो ठोक्किएको छ। कालीगण्डकी र रघुगङ्गा नदीको सङ्गममा रहेको राममन्दिर जोखिममा परेको छ । पाखोबाट खसेको पहिरो सडकमा थुप्रिएको छ।

सडकबाट आएको लेदो घरभित्र पसेर हिलाम्मे बनाएको स्थानीय मिम थकालीले बताउनुभयो । पाखोबाट खस्ने पहिरोको दीर्घकालीन समाधान नहुँदा बर्सेनि समस्या व्यहोर्नुपरेको राहुघाटवासीले गुनासो गरेका छन्। पहिरोबाट २१ घरपरिवार जोखिममा परेका छन्।

# सडक अवरुद्ध : स्याउको चिन्तामा मुस्ताङका किसान

सुन्दर थकाली
मुस्ताङ, १६ असोज/रासस

केही दिन अघिको भारी वर्षापछिको बाढी पहिरो र नदी कटानबाट अबरुद्ध बेनी-जोमसोम सडक सञ्चालन नहुँदा यस क्षेत्रका किसान चिन्तित छन्।

दसैं अघिको सोह्र श्राद्ध चलिरहँदा सबैभन्दा बढी स्याउ खपत हुने समयमा सडक अवरुद्ध हुँदा मुस्ताङका स्याउ उत्पादक किसान र ब्यापारी सबैभन्दा बढी मर्कामा परेका हुन्। दसैं-तिहार लगायतका महत्वपूर्ण चाडपर्व नजिकिदै गर्दा म्याग्दी क्षेत्रमा भएको सडक अवरुद्धका कारण त्यसको प्रत्यक्ष असर स्याउको ढुवानीमा परेको छ।

अहिले मुस्ताङका बारी तथा बगान क्षेत्रमा हाँगै भाचिएला जसरी लटरम्म नुहिरहेको पाकेको अवस्थाका स्याउ देख्न पाइन्छ । सडक अबरुद्धको प्रत्यक्ष असर मुस्ताङमा स्याउको बजारिकणमा परेको छ।

म्याग्दीको राहुघाट, बैसरी, सिरुवारी, भिरकाँटे, पोखरेबगर, नौनीबगर, तातोपानी र खामभित्ता लगायतका दर्जनौं स्थानमा बाढी र पहिरोबाट सडक संरचनामा क्षति हुँदा एक सातादेखि उक्त सडक अवरुद्ध छ । छिटो पाक्ने अर्ली प्रजातिका भदौ १५ गते र ढिलो प्रजातिका स्याउ भदौ २२ गतेदेखि बगैंचाबाट टिप्ने जिल्लास्तरीय निर्णय थियो । हरितालिका तीजअघि मुस्ताङबाट आशिंक रुपमा यहाँको स्याउको बजारीकरण गरिएता पनि ८० प्रतिशत बढी बजारीकरण हुन बाँकी नै छ। धमाधम स्याउ टिपेर बजार पठाउने तयारी चलिरहँदा सडक अवरुद्ध भएसँगै यहाँ उत्पादित स्याउको बजारीकरणमा समस्या परेको हो।

मुस्ताङमा औसत बर्सेनि सात हजार मेट्रिकटन स्याउ उत्पादन हुँदै आएको छ। यहाँका किसानले परम्परागत लोकल स्याउ र उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउखेती गरिरहेका छन् । स्याउको राजधानीका रुपमा परिचित मुस्ताङमा यसपटक सडक अवरुद्धका कारण किसान र ब्यापारी स्याउको व्यवस्थापन कसरी गर्ने भन्नेमा चिन्तित रहेको पाइएको छ। स्थानीय घरपझोङ–५ ढुम्बा अब्बल किसान कर्म गुरुङ सडक अवरुद्ध भएकाले उत्पादन गरेको स्याउ बजार पठाउन नपाएको गुनासो गर्नुहुन्छ । सडक अवरुद्ध हुँदा इन्धन र विद्युत आपूर्ति समेत बन्द भएकोले टिपाई गरिएको स्याउ समेत चिस्यान गृहमा राख्न नपाएको किसानको गुनासो छ। झन्डै सात सय मेट्रिक टन स्याउ उत्पादन गदै आउनुभएका चिम्ले अचार्ड कृषि फार्मका सञ्चालन गुरुङ टिपिएको स्याउ कुहिने डर भएको बताउनुहुन्छ । 'अवरुद्ध सडकले किसानको मेहिनत त्यसै खेर जाने जस्तो देखियो, बोटमा भएका स्याउ पनि पाकेर झर्ने बेला भइसक्यो किसान गुरुङ भन्नुहुन्छ, "जतिसक्दो बाटो खुलाउन सके सबैभन्दा बढी राहत किसानलाई हुने थियो।" मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचेस्थित आइपिएम एप्पल फार्मका सञ्चालक नीरज तुलाचनका अनुसार बेनी-जोमसोम सडक अवरुद्धसँगै मुस्ताङमा उत्पादित स्याउको व्यापारसमेत पूर्ण रुपमा ठप्प भएको जानकारी दिनुभयो । तीजको छेकोमा ५० प्रतिशत स्याउ बिक्री गरिसकेका स्याउ तुलाचनले दसैं अघि बाँकी रहेको ५० प्रतिशत स्याउ बजार पठाउने तयारी गरिरहेकै बेला सडक बन्द भयो। उत्पादनका हिसाबले यस पटक स्याउबाट किसान र व्यापारी दुवै लाभान्वित भए पनि ढुवानी रोकिदा यसको मार दुवैलाई पर्ने निश्चित छ। धादिङका स्याउ व्यापारी ऊर्जा तामाङ पनि स्याउको व्यापारका लागि तीन सातादेखि मुस्ताङमा हुनुहुन्छ । तीन दशकदेखि मुस्ताङको स्याउ व्यापारमा गरिरहनुभएका उहाँलाई यसपटक भने व्यपार नै चौपट हुने हो कि भन्ने डर छ । घरपझोङ र बारागुङ मुक्तिक्षेत्रको आधा दर्जन बढी बगैंचामा रु करोडभन्दा बढी मूल्यको स्याउको ठेक्का लिएका तामाङले मुस्ताङमा सङ्कलन गरिएको स्याउ एक सातादेखि बजार पठाउन नपाएर थन्किएको गुनासो गर्नुभयो । यहाँको स्याउका लागि जिल्ला बाहिरका ५० भन्दा बढी र स्थानीय २० भन्दा बढी व्यक्तिले स्याउको व्यापार गरिरहनुभएको छ । व्यापारीले भदौ अगावै बगैंचामा स्याउको मूल्याङ्कन गरी किसानलाई आशिंक पेश्की दिइ स्याउ सङ्कलन, ग्रेडिङ र प्याकेजिङ गरी ढुवानी गने यस क्षेत्रमा अभ्यास छ। अहिले व्यापारी कहिले बाटो खुला र स्याउ बजार पठाउन पाइएला भन्ने पर्खाइमा छन् । सडक अवरुद्ध हुँदा स्याउको आन्तरिक बजारसमेत प्रभावित बनेको छ। दसैं अघि हजारौं पर्यटक मुस्ताङ आउने हुँदा स्थानीय किसानले खरिद गरेर उनीहरुलाई उपलब्ध गराउने कार्य पनि यसपटक प्रभावित भएको छ । सडक अवरुद्धका कारण जिल्ला बाहिरबाट पर्यटक मुस्ताङ आउन नसक्दा स्याउको आन्तरिक बजारसमेत खस्किएको स्थानीय साना स्याउ व्यापारीको भनाइ छ।

कृषि तथा पशु विकास कार्यालय मुस्ताङका प्रमुख डा लालमणि अर्यालका अनुसार सडक अवरुद्ध भएकाले स्याउ नटिप्न किसान तथा ब्यापारीलाई सुझाइएको बताउनुभयो। प्रमुख डा अर्यालले सडक अवरुद्ध हुँदा सबैभन्दा बढी असर मुस्ताङका किसान र व्यापारीलाई परेको बताउनुभयो । बेनी-जोमसोम-कोरला सडकका आयोजना प्रमुख तेजस्वी शर्माले बाढी र पहिरोबाट धेरै स्थानमा क्षति भएकाले सुचारु गराउन एक हप्ता बढी समय लाग्ने बतानुभयो।

उहाँले सडक विभाग निर्देशानालय पोखराले सडक खुलाउन सबै सयन्त्र पारिचालित गरेको जानकारी दिनुभयो। सडक अवरुद्ध हुँदा उत्तरको छिमेकी मुलुक चीनसँग सडक सम्पर्क जोड्ने महत्त्वपूर्ण कोरला नाकाबाट हुने आयात निर्यात मात्र होइन देशको ढुकुटीमा जम्मा हुने राजस्वसमेत प्रभावित भएको छ।

# जीवनभरको कमाइ कालीगण्डकीले लगेपछि द्विविधामा छन्, लामाखेतबासी

रासस
म्याग्दी, १६ असोज

पर्वतको जलजला गाउँपालिका-४ लामाखेतमा घर बनाएर बसेकी म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरका बालकुमारी रावल पछिल्लो तीन दिनयता ढुक्कसँग निदाउन पाउनुभएको छैन।

यही असोज ८ देखि १२ गतेसम्मको निरन्तरको झरीपछि कालीगण्डकी नदीमा आएको बाढीले जीवनभर दुःख गरेर जोडेको घर छाड्ने कि जोखिम मोलेर त्यही बस्ने भन्ने निर्णय लिन उहाँलाई गाह्रो परेको छ।

"करिब छ मिटर माथिसम्म कालीगण्डकीको बाढी आउने कल्पना गरेको थिइनँ तर असोज १० गते रातिको बाढीले घर डुबाएर सामान बगायो, भएका लत्ताकपडा, भाँडाकुँडा र सामान हिलाम्मे बनायो," उहाँले भन्नुभयो । रेष्टुरेन्ट र किराना पसल सञ्चालन गरेर जीविकोपार्जन गदै आएकी रावलले भन्नुभयो, "यो ठाउँमा बसौँ भने बाढीले डुबाएको झलझली आँखामा आउँछ, छोडेर जाने अरू ठाउँ छैन।"

बाढी पसेपछि रावलसहित लामाखेतका अधिकांश बासिन्दा घरमा सुत्न छाडेका छन् । साँझ खाना खाएर बेनी बजारमा आउने उनीहरू बिहान घर फर्कन्छन् । बाढीले भिजाएका हिलाम्मे सामानको सरसफाइ उनीहरूको दिनचर्या बनेको छ।

बेनीको प्रकाश माविमा कक्षा ६ मा पढ्ने लामाखेतका आयुस पुनले बाढी पसेपछि पोसाक लगाउन नमिल्ने भएको र हिलो पन्छाउन बुबाआमालाई सघाउनुपर्दा विद्यालय जान नपाएको गुनासो गर्नुभयो।

लामाखेतमा बस्दै आएका धवलागिरि गाउँपालिका-५ भेडिखाल्टाकी रुपी बुढा घरमा बस्ने की छोड्ने भन्ने दोधारमा हुनुहुन्छ । "जलजला गाउँपालिकाको केन्द्र र कार्यालय रहेको लामाखेतलाई संरक्षण गरेर बस्नयोग्य बनाउन सके मात्र हामी ढुक्क हुने थियौँ," उहाँले भन्नुभयो, "बाढी र कटानबाट ज्यान बचाउन घर छाड्नुपर्ने अवस्था छ। जीवनभरको कमाइ लगानी गरेर बनाएको घर छाडेर फेरि गाउँ फर्कन अप्ठ्यारै हुन्छ।"

पछिल्लो १५ वर्षयता तीव्र रूपमा बस्ती विस्तार भएको लामाखेत पर्वत जिल्लाको भूगोलमा पर्ने भए पनि अधिकांश म्याग्दीका विभिन्न ग्रामीण क्षेत्रबाट बसाइँसराइ गरेर आएका छन् । लामाखेतमा धेरैजसो विदेशमा कमाएको र गाउँको जग्गा जमिन बेचेर छोराछोरी पढाउन, बेनीमा रोजगारी र मजदुरी गर्नेले घर बनाएर बसेका छन्।

लामाखेतको तल्लो क्षेत्रमा रहेका २५ भन्दा बढी घरमा बाढी पसेको थियो । यसअघि तटबन्ध नाघेर बाढी नआएको स्थानीयवासी बताउँछन् । बेनीदेखि लामाखेत जोड्ने ढलान गरेर पक्की बनाएको सडक पनि पहिरोले भत्काएकाले घरका सामान अन्यत्र सार्न पनि नपाएको स्थानीय टीकाराम पुनले गुनासो गर्नुभयो।

मेघबहादुर राईले बाढीको त्रासका कारण बेनीबजारमा कोठा खोजिरहेको बताउनुभयो । "सडक माथिको पाखो धसिएको र कालीगण्डकी पारि ठूलो पहिरो देखिएकाले लामाखेत वासीलाई त्रास सिर्जना भएको छ," उहाँले भन्नुभयो, "घरभित्र पसेको बाढी र हिलो त पन्छाइयो तर मनभित्र पसेको चिसो हटाउन गाह्रो हुँदोरहेछ।" लामाखेतलाई तटबन्ध गरेर बस्नयोग्य बनाउनुपर्ने स्थानीयवासी अमित पुनको भनाइ छ। तत्कालका लागि बस्तीभित्र थुप्रिएको बालुवा पन्छाउन ब्याकुहोलोडर आवश्यक परेको छ । बेनी जोड्ने सडक खुलाउन, खानेपानी आपूर्ति गराउन र दीर्घकालीन रूपमा नदी कटान नियन्त्रण योजना सञ्चालन गरी लामाखेतलाई बस्नयोग्य बनाउनुपर्नेमा लालबहादुर छन्त्यालले जोड दिनुभयो।

जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यका अनुसार बाढीले लामाखेत, लामाबगर, फर्सेलगायत तटीय क्षेत्रदेखि धाइरिङको तामवाङ, खानीगाउँलगायत धेरै बस्तीमा क्षति पुर्‍याएको बताउनुभयो । तत्कालका लागि मानवीय क्षति हुन नदिने, अवरुद्ध सडकमा यातायात सञ्चालन गर्ने र आधारभूत आवश्यकता परिपूर्तिका लागि मङ्गलबारदेखि १४ वटा समूह परिचालन गरिएको उहाँले बताउनुभयो।

मालढुङ्गा-बेनी सडकको माथिल्लो क्षेत्रमा पाखो जमिन चर्किएकाले जोखिमयुक्त ठाउँमा सतर्कता अपनाउनका लागि अनुरोध गरिएको अध्यक्ष आचार्यको भनाइ छ । गाउँपालिकाको अन्य बजेट कटौती गरेर विपद्मा केन्द्रित गर्ने, पुनर्निर्माण, पुनःस्थापनाका लागि सङ्घीय र प्रदेश सरकारसँग योजना तथा बजेट माग गर्ने उहाँको भनाइ छ।

# ब्रह्मरुपा माविमा विद्यालय नर्स निरुता खड्कालाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

पोखरा महानगरपालिका-३२, राजाको चौतारास्थित ब्रह्मरुपा माध्यमिक विद्यालयमा विद्यालय नर्स निरुता खड्कालाई स्वागत गरिएको छ।

पोखरा महानगरपालिकाको शिक्षा शाखाले विद्यार्थीको स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षालाई प्रभावकारी बनाउने उद्देश्यले कास्कीका नमुना विद्यालय, प्राविधिक विद्यालय तथा एक हजारभन्दा बढी विद्यार्थी भएका विद्यालयमा करार सेवामा थप नर्सको व्यवस्था गरेपछि ब्रह्मरुपा माविमा पनि नर्स खड्कालाई स्वागत गरिएको हो । स्वागत कार्यक्रममा विद्यालयका प्रधानाध्यापक जनार्दन सुवेदीले विद्यालयमा थप नर्सको व्यवस्था भएपछि विद्यार्थीको स्वास्थ्य हेरचाह र स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गर्न सहज हुने बताउनुभयो। उहाँले विद्यालयमा नर्सको व्यवस्था गरिदिएकोमा पोखरा महानगरपालिकाप्रति आभार व्यक्त गर्नुभयो।

विद्यालयका सहायक प्रधानाध्यापक मधुसूदन सापकोटाले शिक्षा र स्वास्थ्य दुवै विद्यार्थीका आधारभूत अधिकार भएको उल्लेख गर्दै विद्यालयमा नर्सको उपस्थितिले विद्यार्थीको नियमित पठनपाठनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त




गर्नुभयो। स्वास्थ्य सेवाको सहज उपलब्धताले विद्यार्थीलाई सुरक्षित वातावरणमा गुणस्तरीय शिक्षा हासिल गर्न थप हौसला मिल्ने उहाँको भनाइ थियो । चार दर्जनभन्दा बढी शिक्षक तथा कर्मचारी र सात सयभन्दा बढी विद्यार्थी रहेको ब्रह्मरुपा माध्यमिक विद्यालयमा नेपाली र अंग्रेजी दुवै माध्यमबाट पठनपाठन हुँदै आएको छ । विद्यालयमा कक्षा ९ देखि १२ सम्म कम्प्युटर इन्जिनियरिङ विषयको प्राविधिक शिक्षा विगत १२ वर्षदेखि सञ्चालन हुँदै आएको छ।

विद्यालयमा नर्सको थप व्यवस्थासँगै विद्यार्थीलाई स्वास्थ्यसम्बन्धी परामर्श, प्राथमिक उपचार तथा स्वास्थ्य सचेतना प्रदान गर्न थप सहज हुने अपेक्षा गरिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


## सार्वजनिक सूचना

पर्वत जिल्ला तिलाहार-९ बस्ने विन्दु थापाको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १४ को कित्ता नं. १३८ को क्षेत्रफल १४०.४० वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. २०० र दक्षिण तर्फ कि. नं. १२३ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १४ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# रतनपाण्डे माविमा १० हजार लिटरका दुई खानेपानी ट्याङ्की हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज



पोखरा महानगरपालिका वडा न १३, आर्वास्थित श्री रतनपाण्डे माध्यमिक विद्यालयमा लायन्स क्लब अफ पोखरा सेतीगंगाको सहयोगमा निर्माण गरिएका ५ हजार लिटर क्षमताका दुईवटर खानेपानी ट्याङ्की विद्यालयलाई हस्तान्तरण गरिएको छ ।

दुई ट्याङ्कीको कुल क्षमता १० हजार लिटर रहेको छ । बिहीबार आयोजित कार्यक्रममा लायन्स क्लब अफ पोखरा सेतीगंगाकी अध्यक्ष श्रीजना हिराचनको अध्यक्षतामा ट्याङ्की विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोजराज बराल, निवर्तमान अध्यक्ष विष्णुप्रसाद बराल र प्रधानाध्यापक संगीता पोखरेललाई संयुक्त रूपमा हस्तान्तरण गरिएको हो । कार्यक्रममा डिस्ट्रिक्ट गभर्नर ३२५ प्रजापति बास्तोला प्रमुख अतिथि तथा लायन्स क्लबका अनररी एड्भाइजर सोनाम स्याङ्पो विशेष अतिथिका रूपमा सहभागी थिए । ट्याङ्की निर्माणका लागि सुरुमा २ लाख २५ हजार रुपैयाँ लागत अनुमान गरिएको थियो। निर्माणका क्रममा अविरल वर्षाका कारणट्याङ्की राख्ने स्थानको गाह्रो भत्किएपछि पुनः गाह्रो निर्माण, सरसफाइ तथा अन्य काम गर्नुपर्दा लागत बढेको थियो। विद्यालयका सहायक प्रधानाध्यापक विष्णुप्रसाद दाहालको विशेष अनुरोधपछि क्लबले थप ५० हजार रुपैयाँ सहयोग गरेको हो। यससँगै आयोजनामा क्लबको कुल सहयोग र २ लाख ७५ हजार रुपैयाँ पुगेको छ । ट्याङ्की निर्माण सम्पन्न भएसँगै विद्यालयमा अध्ययनरत करिब २५० विद्यार्थी, शिक्षक तथा अभिभावकका लागि स्वच्छ खानेपानीको पहुँच सहज भएको विद्यालयले जनाएको छ ।

विद्यालयको खानेपानी व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुगेको भन्दै विद्यालय परिवारले लायन्स क्लब अफ पोखरा सेतीगंगाप्रति आभार व्यक्त गरेको छ। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक-अभिभावक संघका प्रतिनिधि, शिक्षक, विद्यार्थी तथा स्थानीय सरोकारवालाको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन क्लबका सचिव अमितराज भण्डारीले गरेका थिए ।

# ‘आफ्नै खेत बगेकोभन्दा वडा भवन ढलेकाम दुःख लागेको छ, आत्मा त्यही छ’

**पोखरापत्र दैनिक**
गण्डकी, १४ असोज



आफ्नै कार्यसमयमा ठडिएको वडा कार्यालय भवन दरमखोलाको बाढीले बगाएपछि बागलुङको गलकोट नगरपालिका-९ का वडाध्यक्ष तेजबहादुर थापाको मन कुँडिएको छ। बुधबार साँझपख क्षतिग्रस्त भवनछेउ भेटिनुभएका उहाँ चिन्तित हुनुहुन्थ्यो।

दरमखोला किनारमा लडेको भवनतिर हेर्दै उहाँले भन्नुभयो, "मलाई मेरो दस मुरी धान फल्ने खेत बगेर केही फरक परेको छैन, त्यहाँ अहिले खोला हिँडेको छ, तर यो वडा भवनसँगै मेरो इतिहास पनि मेटिएकामा सारै दुःख लागेको छ ।" वडाध्यक्ष थापाको बाह्रमुरीमा रहेको धानखेत पनि गत आइतबार आएको बाढीका कारण बगरमा रुपान्तरण भएको छ। उहाँलाई आफ्नो निजी सम्पत्तिमा पुगेको क्षतिभन्दा वडा कार्यालय भवन ढलेकामा बढी पिरलो छ । स्थानीयवासी पनि वडाको 'गहना'का रुपमा रहेको वडा कार्यालय भवन बाढीमा बग्दा चिन्तित रहेको वडाध्यक्ष थापाले सुनाउनुभयो। वडा कार्यालयका अभिलेखसहित केही महत्वपूर्ण सामग्री/उपकरण बचाउन सकिएपनि सबैको पहलमा बनेको भवनसहित सरकारी सम्पत्ति नास हुँदा दुःख लागेको उहाँको भनाइ छ । "अहिलेपनि म राम्रोसँग निदाउन सकेको छैन, अझै पनि ढलेको भवनभित्रबाट केही सामान झिक्न सकिन्छ कि भनेर यहाँ आइरहन्छु, मेरो मन-आत्मा त्यहीँ भवनमा छ", उहाँले भन्नुभयो। विसं २०७४ को स्थानीय तह चुनावमा थापा वडाध्यक्षमा निर्वाचित भएपछि उहाँसहित स्थानीयवासीको विशेष पहल र नगरपालिकाको रु. ८० लाख बजेटबाट वडाको कार्यालय भवन निर्माण भएको थियो। दोस्रो कार्यालय पनि वडाध्यक्ष बन्नुभएका थापाले भवनलाई सुविधायुक्त बनाउन स्रोतसाधनको आवश्यक जोहो गर्नुभएको थियो। चिटिक्कको भवन छिनभरमै ढल्दा मन भारी भएको उहाँको भनाइ छ । वडाको बजेट र स्थानीयवासीको सहयोगबाट तीन रोपनी जग्गा खरिद गरी भवन बनाइएकामा अहिले नामोनिसान नरहने गरी भवन र जग्गा बाढीले बगाएको हो। भवनसँगै फण्डै १५ लाख रुपैयाँमा जडान गरिएको सौर्य उर्जामा पनि क्षति पुगेको वडाध्यक्ष थापाले बताउनुभयो। नदीले कटानले भवनमा जोखिम बढ्दै गएपछि स्थानीयवासी मिलेर कम्प्युटर, ल्यापटपलगायत केही महत्वपूर्ण सामान भवनबाट झिक्न सफल भएका थिए। दरमखोलाको बहावले जमिन छियोल्दै गएपछि आइतबार बेलुका ४ बजेतिर वडा भवन खोला किनारमा ढलेको थियो । जगैदेखि ढलेपनि भवनको माथिल्लो संरचनामा भने खासै क्षति नपुगेको स्थानीयवासी हुमलाल ढकालले बताउनुभयो । "भवनको संरचना बलियो रहेछ, जगबाटै पल्टदाँ पनि भवनको झ्यालको सिसासमेत फुटेको छैन", उहाँले भन्नुभयो, "खोलाको कटानले जग खल्बलिएर ढलेको भएपनि भवन सग्लै छ ।" बाढीले वडा कार्यालय नजिक रहेको ढकालको घर पनि जोखिममा परेको छ । "पानी पर्‍यो भने घर छाडेर हिँड्नुपर्ने अवस्था छ", ढकालले भन्नुभयो, "बाढी प्रभावितको राहत र पुनःनिर्माणमा सरकारले ध्यान दिओस् भन्ने हाम्रो माग छ ।" बाढीले वडा नं. ९ का केही घरगोठ र ठूलो मात्रामा धानखेत बगाएको छ । बाह्रमुखी, टिमुरबोटलगायत फाँटमा पाक्नै लागेको धानसँगै खेत बाढीले उजाडेपछि किसान पीडामा छन्।

गलकोट नगरपालिकाले क्षतिको एकीन विवरण सङ्कलन गर्ने काम भइरहेको जनाएको छ । प्रारम्भिक विवरण अनुसार बाढीपहिरोमा कारण गलकोठ नगर क्षेत्रभित्र २२ घरगोठमा क्षति पुगेको छ । 'रिसोर्ट'लगायत व्यावसायिक संरचनामा पनि क्षति पुगेको जनाइएको छ । नगर प्रमुख भरत शर्मा गैरेले सरकारी र निजी गरी करोडौँको भौतिक सम्पत्तिमा क्षति पुगेको बताउनुभयो । "बाढीका कारण गलकोटमा मानवीय क्षति नभएपनि ठूलो भौतिक क्षति भएको छ", उहाँले भन्नुभयो, "बाढीपहिरो प्रभावित परिवारका लागि तत्काल राहतसँगै पुनःनिर्माणका काममा योजना बनाए काम गर्छौं ।" यही असोज ८ देखि ११ गतेसम्म परेको भारी वर्षासँगै निम्तिएका बाढीपहिराका घटनाबाट गलकोटसहित जिल्लाका अधिकांश स्थानीय तह प्रभावित बनेका छन् । पहिरामा परी जिल्लामा १३ जनाले ज्यान गुमाएका छन् भने ठूलो भौतिक क्षति पुगेको छ।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भु.पु.सै.नं. JC262939 का नायक सुवेदार इन्द्र बहादुर गुरुङको माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर चिजा देवी गुरुङ र जन्ममिति वि.सं.२०१७।०३।०६ (ई.सं.१९६०।०६।१९) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर चिजा देवी र जन्ममिति वि.सं.२०१९।०४।३० (ई.सं.१९६२।०८।१४) उल्लेख भएको साथै निजको छोरीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर प्रतिमा गुरुङ र जन्ममिति वि.सं.२०४७।०७।२१ (ई.सं.१९९०।११।०७) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको छोरीको नामथर राधा गुरुङ र जन्ममिति वि.सं.२०४७।०६।०२ (ई.सं. १९९०।०९।१८) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएका व्यक्तिहरु फरक नभई एउटै व्यक्तिहरु भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं. ६५७ मिति २०८३।०५।२५ को सिफारिस पत्र र जिल्ला प्रहरी कार्यालय कास्कीको च.नं. १३५६ मिति २०८३।०६।१६ गतेको प्रहरी सर्जमिन मुचुल्काबाट समेत खुली आएकोले भारतीय पेन्सन प्रयोजन को लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# युवा पुस्ताको काँधमा ‘लाखे नाँच’को विरासत

**कृष्ण न्यौपाने**
तनहुँ, १६ असोज/रासस



लाखेको मुखौटा लगाएर जब युवा नाच्न थाल्छन्, वरपरको वातावरण एकाएक उल्लासमय बन्छ । परम्परागत वेशभूषा, बाजागाजा र नृत्यको तालमेलले पुस्तौँदेखि चलिआएको नेवा समुदायको सांस्कृतिक विरासतलाई जीवन्त बनाइदिन्छ ।

व्यास नगरपालिकाका विभिन्न टोलमा देखिने लाखे नाचको विशेषता केवल परम्परागत नृत्यको प्रस्तुति मात्र होइन, यसमा नयाँ पुस्ताको बढ्दो सहभागिता र अग्रजबाट युवामा भइरहेको सांस्कृतिक पुस्तान्तरण पनि हो ।

नेवा समुदायको मौलिक संस्कृति र परम्पराको महत्वपूर्ण हिस्सा मानिने लाखे नाच संरक्षणमा व्यासका युवायुवती सक्रिय भएका छन् । नेवाः तजिलजि पुचःमा आबद्ध युवाले अग्रज पुस्ताबाट लाखे नाचका चाल, हाउभाउ, ताल र प्रस्तुतीकरण सिकेर आफैँ प्रदर्शन गर्न थालेका छन् । पहिले अग्रज पुस्ताले मात्र सम्हाल्दै आएको सांस्कृतिक जिम्मेवारी अहिले युवाको काँधमा आउन थालेको छ । यही कारण लाखे नाच अहिले केवल एउटा पर्व विशेषको प्रस्तुति नभई एक पुस्ताले अर्को पुस्तालाई हस्तान्तरण गरिरहेको जीवित सांस्कृतिक पाठशाला जस्तो बनेको छ । नेवाः तजिलजि पुचःका अध्यक्ष सन्देशनारायण श्रेष्ठका अनुसार युवापुस्तामा पछिल्लो समय आफ्नो भाषा, संस्कृति र परम्पराप्रति चासो बढ्दै गएको छ । अग्रज पुस्ताबाट सिकेको सीपलाई युवाले आत्मसात् गर्दै आफूपछिको पुस्तालाई सिकाउन थालेपछि संस्कृति संरक्षणको अभियान अझ बलियो बनेको उहाँ बताउनुहुन्छ ।

"लाखे नाच हाम्रो संस्कार र संस्कृतिसँग जोडिएको परम्परा हो । यसको संरक्षणका लागि नयाँ पुस्तालाई सहभागी गराउँदै आएका छौँ," उहाँले भन्नुभयो, "अग्रजबाट सिकेको सीप युवाले सिक्दै र सिकाउँदै गए भने मात्र मौलिक परम्परालाई पुस्तौँसम्म निरन्तरता दिन सकिन्छ ।" लाखे नाचको संरक्षणका लागि पुचःले हरेक वर्ष प्रदर्शन गर्दै आएको छ । प्रदर्शनका क्रममा युवालाई प्रत्यक्ष सहभागी गराउने मात्र होइन, नियमित अभ्यास र प्रशिक्षण दिइँदै आएको छ ।

नाचका विभिन्न चाल, हाउभाउ, ताल तथा प्रस्तुतीकरणसँगै परम्परागत बाजागाजाको प्रयोगका विषयमा युवालाई सिकाउने गरिएको छ । यसरी सिकेको सीप प्रदर्शनका क्रममा प्रयोग गर्दा युवामा आत्मविश्वास बढ्दै गएको छ ।

## पाँच वर्षका बालबालिकादेखि युवासम्म

नेवाः तजिलजि पुचःमा हाल करिब एक सय युवा युवती आबद्ध छन् । त्यसमा बालबालिकाको सहभागिता उल्लेख्य छ । पाँच वर्षको उमेरदेखि नै बालबालिकालाई सांस्कृतिक गतिविधिमा सहभागी गराउने गरिएको छ । सानै उमेरदेखि संस्कृति र परम्परासँग परिचित गराएमा उनीहरूले त्यसलाई आफ्नो जीवनको अभिन्न हिस्साका रूपमा ग्रहण गर्ने अध्यक्ष श्रेष्ठको विश्वास छ । "सानै उमेरदेखि बालबालिकालाई संस्कृति र परम्परासँग जोडन सके भविष्यमा यसको संरक्षण गर्न सहज हुन्छ," उहाँ भन्नुहुन्छ । लाखे नाच हेरेर रमाउने बालबालिका अब स्वयम् लाखेको चाल सिक्न थालेका छन् । धिमेको तालमा शरीर चलाउन सिकिरहेका छन् । बाजाको तालसँग नृत्यको तालमेल मिलाउन अभ्यास गरिरहेका छन् ।

संस्कृति संरक्षणमा सबैभन्दा महत्वपूर्ण पक्ष पुस्तान्तरण हो । कुनै पनि परम्परा लिखित दस्तावेजमा मात्र सीमित भयो भने त्यसको जीवन्तता हराउन सक्छ । तर एउटा पुस्ताले अर्को पुस्तालाई व्यवहारमै सिकाउँदै लगेमा संस्कृति पुस्तौँसम्म बाँचिरहन्छ । व्यासमा अहिले यही प्रक्रिया देखिन थालेको छ। अग्रज पुस्ताबाट लाखे नाच सिकेका युवाले अहिले नयाँ पुस्ताका बालबालिकालाई सिकाउन थालेका छन् । यसले पुरानो पुस्ताबाट सिकेको ज्ञान र सीप युवामा पुगेपछि त्यही सीप बालबालिकामा पुग्ने वातावरण बनेको छ। स्थानीय युवा निमेश श्रेष्ठका अनुसार आफूहरू अग्रजबाट सिक्दै सांस्कृतिक गतिविधिमा सहभागी हुन थालेपछि परम्परालाई निरन्तरता दिन सहज भएको छ । उहाँका अनुसार लाखे नाच सिक्नु केवल नृत्य सिक्नु मात्र होइन, आफ्नो समुदायको इतिहास, संस्कार र पहिचान बुझ्ने अवसर पनि हो।

## लाखेसँगै धिमेको ताल

नेवाः तजिलजि पुचःको सांस्कृतिक अभियान लाखे नाचमा मात्र सीमित छैन । पुचःले नेवारी संस्कृतमा प्रयोग हुने धिमे बाजा, परम्परागत सङ्गीत तथा विभिन्न नृत्यको प्रशिक्षण दिँदै आएको छ। धिमे बाजाको ताल र लाखे नाचबीचको सम्बन्धलाई युवापुस्ताले बुझ्नू भन्ने उद्देश्यले नियमित अभ्यास गराउने गरिएको छ । विशेषगरी युवा तथा बालबालिकालाई धिमे बाजा बजाउने सीप सिकाएर सांस्कृतिक कार्यक्रममा सहभागी गराउने गरिएको अध्यक्ष श्रेष्ठ बताउनुहुन्छ।

उहाँका अनुसार सांस्कृतिक गतिविधिलाई पर्व र उत्सवका समयमा मात्रै प्रदर्शन गर्ने परम्परामा सीमित नराखी नियमित सिक्ने, अभ्यास गर्ने र प्रस्तुत गर्ने वातावरण बनाउन आवश्यक छ । "संस्कृति पर्वमा देखाउने कुरा मात्र होइन । यसलाई दैनिक जीवनसँग जोडन सकियो भने मात्रै नयाँ पुस्तामा यसको अपनत्व बढ्छ," श्रेष्ठको भनाइ छ ।

## १५ गुठीका युवालाई एउटै अभियानमा जोड्दै

व्यास नगरपालिकाभित्र रहेका १५ वटा गुठीमा आबद्ध युवालाई नेवाः तजिलजि पुचःले एउटै सांस्कृतिक अभियानमा जोडेको छ । विभिन्न गुठीका आफ्ना-आफ्नै परम्परा र सांस्कृतिक अभ्यास भए पनि युवालाई साझा मञ्चमा ल्याएर नेवारी भाषा, कला, संस्कार तथा परम्पराको संरक्षण गर्ने प्रयास भइरहेको छ । यसले एकातिर युवाबीच सांस्कृतिक सम्बन्ध विस्तार गरेको छ भने अर्कोतर्फ विभिन्न गुठीमा रहेका सांस्कृतिक ज्ञान र सीपलाई साझा रूपमा अगाडि बढाउने अवसर दिएको श्रेष्ठको भनाइ छ।

## नाच र बाजाभन्दा अगाडि भाषा र लिपिको चिन्ता

पुचःले अब लाखे नाच र परम्परागत बाजागाजासँगै नेपाल भाषा तथा रञ्जना लिपिको प्रशिक्षण सञ्चालन गर्ने तयारी गरेको छ। अध्यक्ष श्रेष्ठका अनुसार नाच र बाजा जोगाएर मात्रै संस्कृति पूर्ण रूपमा संरक्षण हुन सक्दैन । भाषा र लिपि पनि संस्कृतिको महत्वपूर्ण आधार भएकाले त्यसको संरक्षणमा नयाँ पुस्तालाई जोडन आवश्यक रहेको उहाँले बताउनुभयो । "नाच र बाजा मात्रै होइन, हाम्रो भाषा र लिपि पनि संस्कृतिको महत्वपूर्ण आधार हो । त्यसैले युवापुस्तालाई नेपाल भाषा र रञ्जना लिपि सिकाउने तयारी गरेका छौँ," उहाँले भन्नुभयो ।

आधुनिक जीवनशैली र प्रविधिको बढ्दो प्रभावका कारण नयाँ पुस्तामा मौलिक भाषा र लिपिको प्रयोग घट्दै गएको उहाँको बुझाइ छ। त्यसैले बालबालिका र युवालाई आकर्षित गर्ने गरी भाषा तथा लिपि सिकाउने कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

## आधुनिकताबीच मौलिकताको खोजी

प्रविधिको विकाससँगै मानिसको जीवनशैलीमा तीव्र परिवर्तन आएको छ। मोबाइल फोन, सामाजिक सञ्जाल र आधुनिक मनोरञ्जनका माध्यमले नयाँ पुस्ताको दैनिक जीवनमा गहिरो प्रभाव पारेका छन्।

यस्तो अवस्थामा परम्परागत संस्कृति र मौलिक अभ्यासलाई नयाँ पुस्तासम्म पुर्‍याउनु चुनौतीपूर्ण बन्दै गएको छ। तर व्यासमा युवाले आफैँ लाखेको मुखौटा लगाएर नाच्न थालेका छन् । धिमे बजाउन थालेका छन् । अग्रजबाट सिकेका चाल र ताल नयाँ पुस्तालाई सिकाउन थालेका छन्। यही सक्रियताले मौलिक संस्कृति संरक्षणप्रति आशा जगाएको छ ।

संस्कृति संरक्षणका लागि केवल अग्रज पुस्ताले प्रयास गरेर पुग्दैन । नयाँ पुस्ताले त्यसलाई आफ्नो मानेर अपनत्व महसुस गर्नुपर्छ । व्यासमा अहिले देखिएको युवा सहभागिताले यही अपनत्व बढ्दै गएको सङ्केत गरेको छ । लाखे नाच धेरैका लागि मनोरञ्जनको माध्यम हुन सक्छ । तर नेवा समुदायका लागि यो आफ्नो इतिहास, संस्कार र सामुदायिक पहिचानसँग जोडिएको परम्परा भएको श्रेष्ठको भनाइ छ।

## संरक्षणसँगै प्रोत्साहनको अपेक्षा

लाखे नाचलगायतका मौलिक सांस्कृतिक गतिविधिमा युवाको सहभागिता बढ्दै गए पनि यसको दीर्घकालीन संरक्षणका लागि स्थानीय तह, समुदाय र सरोकारवाला संस्थाको निरन्तर सहयोग आवश्यक रहेको युवाको भनाइ छ। लाखे नाच सिक्ने र सिकाउने प्रक्रिया निरन्तर बनाउन प्रशिक्षण, पोशाक, बाजागाजा, अभ्यासस्थल तथा सांस्कृतिक कार्यक्रमका लागि आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने मागसमेत गरिएको छ।

# कालीगण्डकी बाढीको असर: राहुघाटको परीक्षण उत्पादन रोकियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ असोज

गत साताको भरिपछि कालीगण्डकी नदीमा आएको बाढीले क्षति पुर्‍याएपछि नेपाल विद्युत् प्राधिकरणले म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माण गरेको राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादन रोकेको छ।

प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरले निर्माण गरेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादन सुरु गरेको एक साता नपुग्दै असोज ८ देखि ११ गतेको वर्षापछि बाढी आएर क्षति पुगेको हो ।

आयोजना प्रमुख राजबहादुर विष्टले कालीगण्डकीको बाढीले रघुगङ्गा गाउँपालिका-३ तिल्के नीचौरमा रहेको विद्युतगृहबाट पानी बगाउने 'टेलरेस ड्ग'को आधा भाग बगाएको र स्वीचयार्डमा रहेको ट्रान्सफर्मर नजिकैसम्म कटान गरेको बताउनुभयो । "पहुँचमार्ग पूर्ण रूपमा अवरुद्ध बनेको छ । भिँर दमानको सिमानामा रहेको बाँधमा गेग्रान आएर थुप्रिएको छ", उहाँले भन्नुभयो, "विपद्का कारण परीक्षणका लागि विद्युत् उत्पादन रोकिएको छ । कालीगण्डकीको कटानबाट जोखिममा परेको ट्रान्सफर्मरलाई जोगाउने प्रयास गरिरहेका छौँ।" कालीगण्डकी नदीमा गेग्रान मिसिदा बाँधीको सतह बढेर ग्राबेलको बेस भएको कालीगण्डकी किनारबाट विद्युत्गृहतर्फ कटान गरेर बग्दा चीन र भारत जोड्ने बेनी-जोमसोम-कोरला सडकको करिब १५० मिटर सडक पनि बगाएको छ । विद्युत्गृहस्थलमा निर्माण गरिएको 'स्वीचयार्ड' पनि नदी कटानको उच्च जोखिममा परेको छ। रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले आयोजनाले परीक्षण उत्पादन थालेको दुई दिनमा बाढीले क्षति पुर्‍याएपछि उत्पादन बन्द हुन पुगेको बताउनुभयो। पन्ध्र दिनको परीक्षण उत्पादन सम्पन्न गरेपछि व्यावसायिक उत्पादन सुरु गर्ने तयारी गरे पनि बाढीले क्षति पुर्‍याएपछि अब एक महिनापछि मात्र व्यावसायिक उत्पादन सुरु गर्न सकिने उहाँले उल्लेख गर्नुभयो। राहुघाट जलविद्युत् आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्सका सवारीसाधन र उपकरण पनि बाढीले बगाएको छ । त्यसैगरी, कालीगण्डकी नदीमा आएको बाढीले कालीगण्डकी करिडोरको २२० केभी क्षमताको दाना-कुस्मा प्रसारण लाइनका टावर बगाएको छ। कालीगण्डकीमा आएको बाढीले अन्नपूर्ण गाउँपालिका-१, दोवाको भिरकाटपारिका दुई र धिरन्याङको एउटा प्रसारण लाइनको टावर बगाएको नेपाल विद्युत् प्राधिकरण पोखरा ग्रिड महाशाखाका प्रमुख रोशन खड्काले जानकारी दिनुभयो।

दाना-खुर्कोट प्रसारण लाइनबाट केन्द्रीय प्रणालीमा विद्युत् आपूर्ति गराउँदै आएका अन्नपूर्ण-४, नारच्याङमा पाँच मेगावाट क्षमताको घलेम्दीखोला, ४२ मेगावाट क्षमताको मिस्त्रीखोला, ३८ मेगावाट क्षमताको नीलगिरि-१, ७१ मेगावाट क्षमताको नीलगिरि-२ र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजनाबाट विद्युत् प्रसारण सेवा बन्द भएको छ।